प्रदेश सरकार

# आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडा, मकवानपुर, नेपाल

(प्रादेशिक योजना तथा अनुगमन शाखा)

प.सं. १३/२०७६/७७, च.नं.

## अन्तर-सरकारी वित्तीय हस्तान्तरणका सम्बन्धमा प्रदेश सरकारको

## अत्यन्त जरुरी सूचना !!!

उपरोक्त सम्बन्धमा प्रदेश वित्तीय हस्तान्तरण ऐन, २०७५ बमोजिम बागमती प्रदेश सरकारले चालु आ.व. २०७६/०७७ भित्र कार्यान्वयन हुने गरी प्रदेशभित्रका सबै (११९) स्थानीय तहहरुलाई हस्तान्तरण गर्ने समपूरक तथा विशेष अनुदानका योजनाहरु मध्ये समपूरक अनुदान तर्फ प्रदेश मन्त्रिपरिषदको बैठकले दुई चरणमा गरी ७९ स्थानीय तहका कुल १५३ योजनाहरुमा करिब १ अर्ब २६ करोड रकम स्वीकृत गरी निकासाको प्रक्रिया समेत अघि बढिसकेको अवस्था छ । त्यसै गरी विशेष अनुदान तर्फ पनि मन्त्रालयले योजनाहरु छनौट गरी मन्त्रिपरिषदको बैठकमा लैजाने तयारी अन्तिम चरणमा पुगेको छ ।

अतः समपूरक अनुदानतर्फ यसअघिका दुवै चरणमा योजनाहरु माग गर्न नसकेका स्थानीय तहहरुले समपूरक अनुदान तर्फ बढीमा २ करोड सम्म प्रदेश सरकारको हिस्सा रहने गरी कार्यविधिको अधिनमा रही मिति २०७६/१०/२२ भित्र माग गर्नुहुन यो सूचना जारी गरिएको छ ।

त्यसै गरी हालसम्म पनि विशेष अनुदानका योजनाहरु माग गर्न नसकेका स्थानीय तहहरुलाई कार्यविधिको अधिनमा रही विशेष अनुदानतर्फका योजनाहरु मिति २०७६/१०/२२ भित्र माग गर्नको लागि सूचित गरिन्छ ।

२०७६/१०/१५

(प्रमोद सिंखडा)

(शा.अ.)

फोन : ०५७-५२७५२०, फ्याक्स : ०५७-५२७५१८, Email: moeap3@gmail.com, URL: moeap.p3.gov.np
हरिकुञ्ज रोड, हेटौंडा उ.म.न.पा.-२, मकवानपुर